जि.प्र.का. सप्तरी द.नं. ३१/०४८/०४९    स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९    अंक १९८    २०७६ साल फागुन २४ गते शनिबार (7 Mar. 2020 Saturday)    मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : जलवायुमैत्री विकासका लागि ... ३ पृष्ठमा : सप्तरीको एसईई परिक्षा.. ४ पृष्ठमा : खडक नगरपालिकाको भवन

## मलेठ घटनाको तेश्रो पुण्यतिथिमा श्रद्धाञ्जली सभा
# राजपा र समाजवादी पार्टी बिच एकताको विकल्प छैन : मन्त्री साह




**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन।**

प्रदेश २ का भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले मधेश आन्दोलनमा बलिदान दिएका शहिदहरुको सपना साकार पुऱ्याउन समाजवादी पार्टी र राजपा बीच एकताको विकल्प नरहेको बताउँनु भएको छ।

मधेश आन्दोलनका सहिदहरुको सपना पुरा गर्नका लागि समाजवादी र राजपा लगायतका शक्ति एकिकृत हुनु जरुरी रहेको भन्दै छिट्टै यो प्रयासले मुर्तरुप लिने बताए।

शहिद परिवारलाई प्रदेश सरकारले साधन श्रोतले भ्याए सम्म सहयोग गरिरहेको र भविष्यमा पनि यसलाई निरन्तरता दिने उनको भनाई छ।

उनले सामाजवादी पार्टी र राजपा एकिकृत भई अघि बढे शक्ति संचयन पनि हुने र मधेश आन्दोलनले उठाएका मुद्दा सम्बोधन गराउन पनि बल मिल्ने भन्दै शहिदको सपना साकार पार्न पनि दुवै पार्टी एकिकृत हुनु पर्नेमा जोड दिए।

मन्त्री साहले भने प्रदेश सरकारद्वारा गठित समितिले मलेठ घटनाको छानविन गरी प्रतिवेदन तयार गरी सरकारलाई बुझाई सकेको र छिट्टै प्रतिवेदन सार्वजनिक गर्ने तयारी भईरहेको जानकारी पनि दिए।

सो अवसरमा २०७३ फागुन २३ गते भएको मलेठ घटनाका शहिदहरुको तेस्रो पुण्य तिथिको अवसर पारेर राजपा तथा सामाजवादी पार्टीद्वारा संयुक्त रुपमा आयोजित श्रद्धाञ्जली सभाका वक्ताहरुले यस विषयमा जोड दिएका हुन्।

राजपाका जिल्ला संयोजक हरेराम यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राजपाका सह महासचिव गजेन्द्र मण्डल, प्रदेश सभा सदस्य नेत्र विक्रम साह, प्रदेश २ समाजवादी पार्टीका मुख्य सचिव शम्भु झा, राजपका केन्द्रिय सदस्य दिपेन्द्र चौधरी, दिनेश यादव, अमरनाथ मण्डल, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाका प्रमुश

*-बाँकी अन्तिम पृष्ठमा*

# प्रहरीले सिसी फुटेजको आधारमा चोर खोज्दै

**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन।**

सप्तरी सदरमुकाम राजविराज-७ स्थित शनिदेव भगवान मन्दिरमा भएको चोरीको प्रहरीले सिसि टिभीको आधारमा चोरलाई खोजि रहेको छ।

शुक्रवार एका बिहानी शनि मन्दिरमा एक वर्ष नबित्दै दोस्रो पटक चोरी भएकोले मन्दिरमा प्रहरीले सिसि टिभीको आधारमा चोरलाई पत्ता लगाउन थालेको छ।

मन्दिरबाट चोरले शनिको मन्दिरबाट भगवान शनिको मुर्तीमा जडीत चाँदीको मुकुट र दानपेटिकाको नगद समेत लिएर गएका छन्। राजविराजको व्यस्त बजार नजिकै रहेको उक्त मन्दिरमा दोस्रो पटक भएको चोरी घटनाले स्थानिय त्रसित भएका छन्।

सो मन्दिरमा यसअघि २०७५ साल चैत्र १८ गते पनि चोरले मन्दिरको मुल गेटको ताला फुटाएर मुर्तिमा जडित १५ तोलाको चाँदीको मुकुट, आधी तोलाको सुनको सिक्री र दान पेटिकामा रहेको करिब ९ हजार रुपैया चोरी गरेर लगेका थिए।

शुक्रबार एकाबिहानि भएको चोरी घटनामा २० तोलाको चाँदीको मुकुट र दानपेटिकामा रहेको अनुमानित१० हजार रुपैया चोरी भएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष घनश्याम झाले जानकारी दिए। राती ९ बजे तिर मन्दिरको मुल गेटमा ताला लगाएर घर गएका मुल पुजारी रामनाथ शर्मा विहान ६ बजे तिर मन्दिर खोल्न आउँदा मुल गेट र दानपेटिकाको ताला फुटाएर चोरी




भएको थाहा पाएका थिए।

उक्त फुटेजमा बिहान ३:३० बजे तिर एक चोर मन्दिर प्रवेश गरेको र केही बेरमा बाहिर निस्केको देखिएको छ, उनले भने, चोरको हुलियाको आधारमा प्रहरीले खोजी कार्य तिव्र बनाएको छ।

यता प्रहरी निरिक्षक यमलाल बन्जारेले भने, मन्दिर नजिकैको एउटा पसलमा जडान गरिएको सिसी क्यामराको फुटेजको आधारमा चोरको खोज तलास सुरु गरेको जानकारी दिएका छन्।

# बलात्कारका आरोपमा युवालाई सात वर्षको सजाय

**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन।**

विवाहित एक महिलालाई बलात्कार गरेको आरोपमा पक्राउ परेका एक युवकलाई अदालतले सात वर्ष कैद सजाय तोकेको छ।

सप्तरीको रुपनी गाउँपालिका १ निवासी ३८ वर्षिय देवेन्द्र यादवलाई सोही वडा निवासी ३० बर्षिया विवाहित महिलालाई बलात्कार गरेको आरोपमा सप्तरी जिल्ला अदालतले ७ वर्ष कैद सजाय तोकेको हो।

२०७५ साल फागुन ११ गते भएको सो घटना उपर विहिबार सुनुवाई गर्दै न्यायधिश नन्दकिशोर यादवको एकल इजलाशले सो फैसला गरेको हो।

श्रीमान रोजगारीका लागि मलेशिया गएको मौका छोपी यादवले आफुलाई बलात्कार गरेको भन्दै पिडित महिलाले दिएको उजुरीको आधारमा प्रहरीद्वारा पक्राउ परी पुर्पक्षका लागि थुनामा रहेका यादवमाथि जबरदस्ती करणी मुदा चलाइएको थियो।

यादवले भने आफु निर्दोष रहेको तथा पिडित भनिएकी महिलाले जबरदस्ती फसाएको दावी गरेका छन्।

# सर्वोच्च अदालतद्वारा हुलाकी सडकको काम रोक्न अन्तरिम आदेश

**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन।**

सर्वोच्च अदालतले हुलाकी राजविराज नगर क्षेत्रबाट जाने गरी बन्न लागेको हुलाकी सडकको काममा अर्को आदेश जारी नहुञ्जेल सम्मको लागि रोका गर्न अन्तरिम आदेश जारी गरिएको छ।

शुक्रवार सर्वोच्च अदालतका माननीय न्यायाधीश डम्बर बहादुर शाहीको एकल इजलाशले अन्तरिम आदेशमा यस्तो फैसला गरेका हो।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सहितका १५ वटा विपक्षीको नाममा कारण सहितको लिखित जवाफ फिराउन पनि माननीय न्यायाधिश शाहीले आदेश जारी गरेका छन्।

राजविराज नगर क्षेत्र भएर जाने हुलाकी सड़क र कुनौली-राजविराज-रुपनी सडकको निर्माणले नगरवासी पिड़ित हुने र नगरको सौन्दर्यका साथै संरचना पनि ध्वस्त हुने भएकोले उक्त दुवै सड़कके बैकल्पिक मार्ग खोज्न भनी नगरबा बासिन्दाहरु लामो समयदेखि संघर्षमा रहेका छन।

'हुलाकी सड़क पिड़ित नगर बचाऊ समिति' गठन गरी आन्दोलनमा रहेका पिड़ितहरुले उक्त दुवै सड़कको काम काज रोक्न सर्वोच्च अदालतमा रीट निवेदन दर्ता गराएका थिए।

नगर बचाऊ समितिका संयोजक रामकृष्ण दासले सर्वोच्च अदालतमा ०७६-WO-८८०० नम्बरमा समितिका तर्फबाट काली प्रसाद देव, जनार्दन देव, अनिल

*-बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit Quick & Easy | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

# खडक नगरपालिकाको भवन शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

सप्तरीको खडक नगरपालिका कार्यालयको प्रशासकीय भवनको एक कार्यक्रम बीच शिलान्यास गरिएको छ ।

शुक्रवार नगर प्रमुख मो. हेमायु हक र उपप्रमुख यासमिन सुल्तानले खडक नगरपालिका ७ कल्याणपुरमा निर्माण हुने लागेको अत्याधुनिक सुविधायुक्त उक्त प्रशासकीय भवन निर्माण कार्यको शिलान्यास गरिएको हो ।

कुल १ बिघा ५ कट्ठा क्षेत्रफलमा निर्माण हुन लागेको चार तल्ले भवनको निर्माण कार्य अगामी २ बर्षभित्र सकिने लक्ष्य लिएको नगरप्रमुख हेमायु हकले जानकारी दिनुभयो ।

कुल रु. ७ करोड ३४ लाख ४५ हजार ८५७ पैसा ५८ मा ओम साई कन्ट्रक्सन प्रालि सातोबाटो ललितपुरले ठेक्का लिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रदेव यादवले जानकारी दिनुभयो ।

गत २०७६ माघ २२ गते ठेक्का सम्झौता भएको सो भवन निर्माण कार्य तिब्र रुपमा अघि बढ्ने प्रमुख प्रशासकीय अधिकृत यादवले बताउनुभयो । भवन शिलान्यास कार्यक्रममा बिभिन्न वडाका वडा अध्यक्षहरु, बिभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी लगायतको उपस्थिति रहेको थियो ।

### मलेठ...

शम्भु प्रसाद यादव, समाजवादी पार्टीका केन्द्रिय सदस्य भिमराज यादव, समाजवादी पार्टीका जिल्ला अध्यक्ष केदार यादव लगायतले पनि बोल्दै शहिदको सपना साकार पार्न राजपका र समाजवादी पार्टी विच यथासिध्र एकता हुनुपर्ने जोड दिएका थिए ।

कार्यक्रममा मलेठ घटनाका शहिद परिवारलाई प्रमुख अतिथि मन्त्री साहले दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

### सर्वोच्च...

पेड़िवाल लगायत ६८ जनाले दर्ता गराएको रीट उपर माननीय न्यायाधिश डम्बर बहादुर सुनवाइ गरेको छ ।

माननीय न्यायाधिश शाहीले यातायात मन्त्रालय, राजविराज नगर पालिका सहित १५ जना विपक्षीको नाममा कारण देखाउ आदेश जारी गर्दै यस क्षेत्रमा सड़क निर्माणको काम रोक्न अन्तरिम आदेश जारी गरेका हुन । संयोजक दासका अनुसार विपक्षीहरुलाई २०७६ चैत ६ गते आफ्नो जवाफ सहित अदालतमा प्रस्तुत हुन समेत आदेश गरिएको छ ।

बहसमा निवेदकको तर्फबाट बरिष्ठ अधिवक्ता कृष्ण प्रसाद भण्डारी, अधिवक्ता सरोज प्याकुरेल, अधिवक्ता खगेन्द्र सुवेदी सहितका आधा दर्जन अधिवक्ताहरुले बहस गरेको नगर बचाउ समितिका सचिव बिनोद चन्द्र देवले काठमाण्डौबाट जानकारी गराएका छन ।

# छिन्नमस्ताको हाट्टी पुर्ण सरसफाइ तर्फ उन्मुख हुँदै

**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

छिन्नमस्ता गाउपालीका वडा ७ हाटीलाई पुर्ण सरसफाई उन्मुख बस्ती घोषणाका लागि सरसफाई अभियान लाई निरन्तरता दिएको छ ।

नेपाल सरकारले सन् २०३० सम्म दिगो विकास लक्ष्य अन्तर्गत प्रत्येक नेपालीले सरसफाइमा आधारभुत सुविधा पाउने छ भनी उदेश्यले अभियान संचालनमा ल्याएको सरफाई अभियन्ता प्रमेश्वर झाले बताए ।

जिल्लाको छिन्नमस्ता गाँउपालीकाको वडा नं ७ का यादव टोलका ४५ घरधुरीलाई सबल नेपालद्वारा एसएनभि नेपालको सहयोगमा 'सबैको लागि दिगो सरसफाइ कार्यक्रम' संचालनमा ल्याएको छ ।

पुर्ण सरसफाइका ६ वटै सुचकहरु पुरा गर्न (वास पलान तर्जुमा, चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाइ, सुरक्षित पानीमा पहुँच, सुरक्षित खानाको प्रयोग, घरायसी तथा संस्थागत सरसफाइ, वातावरणिय सरसफाइ) मा सबैको पहुँच गराइ वडा,टोल एवं बस्तीलाई नमुना बस्ती घोषणा गर्ने सबल नेपालका कार्यक्रम संयोजक प्रमेश्वर झाले बताउनु भयो ।

हाटिमा नमुना बस्तीका लागि वस्तीहरु छनोट वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिद्वारा छनोट भई उक्त वस्तीहरुमा बिभिनन समुहहरु गठन गरी कार्यक्रम संचालन भईरहेको सबल नेपालका अधिकृत देवेश चौधरी बताउछन।

हाटीको यादव बस्तीमा प्रत्येक साता बैठक बसी समुहहरुद्धारा नै सुचक भित्र रहेर योजना बनाउने र त्यस अनुसार कामहरू गर्ने गरेको चौधरीले बताए ।

सो बस्तीमा प्रत्येक घरमा भाँडो सुकाउने रयाक निर्माण भई प्रयोगमा रहेको बिभिन्न फोहोरहरु लाई कुहिने र नकुहिने छुटयाई व्यवस्थापन गरेको र विभिन्न प्लास्टिकजन्य फोहोरलाई एक ठाँउमा जम्मा गरी विभिन्न सामाग्रीहरु बनाउने समेत गर्ने गरेको यादव समुहका बिन्देश्वर प्रसाद यादवले जानकारी दिएका छन ।

घरका प्रत्येक सदस्यहरु चर्पीमै नियमित दिसा पिसाव गने, जोखिमपुर्ण अवस्थामा साबुनपानीले हात धुने, महिनावारी व्यवस्थापन, सुरक्षित खाना इत्यादि बारे जानकारी पाई सोहि अनुसार व्यवस्थापन गर्ने गरेको र घर आँगन वरीपरी नियमित सरसफाइ गर्ने गरेको समुहका सदस्य अनिता यादबले बताईन,।

छिन्नमस्ता गाँउपालीकाको वडा नं ७ को हाटीलाई सरोकारवालाहरु बाट अनुगमन गराइ पुर्ण सरसफाइ उन्मुख बस्ती घोषणा गर्ने योजना रहेको र यसका लागि त्यारी तिब्ररुपमा भई रहेका सबल नेपालका फिल्ड अफिसर देवेश चौधरीले दिए।

# समाजवादी महिला फोरममा मिरा



**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

समाजवादी महिला फोरमको अध्यक्षमा मीरा यादव को अध्यक्षतामा ३५ सदस्यीय जिल्ला कार्यसमिति गठन गरिएको छ ।

सप्तरी संघीय समाजवादी महिला फोरम र नया शक्ति महिला संघको समायोजन वाट गठन गरिएको उपाध्यक्षमा प्रमिला साह सचिवमा राखी यादव, सह सचिव इन्दु गुप्ता, मञ्जु खड्का तथा कोषाध्यक्ष आशा झा लाई चयन गरिएको छ ।

यसैगरी सदस्यहरुमा प्रमिला साह, राखि यादव, मुनि देवी सदा, द्रोपदी सदा, ललिता यादव, सरिता शर्मा, सुनिता यादव, समिना खातुन, राधा चौधरी, कोपिला देवी मण्डल, राधा देवी ठाकुर, अनिता यादव, गीता साह, शान्ति यादव, आशा झा, प्रमेश्वरी यादव लगायत ३५ सदस्यीय जिल्ला कार्यसमिति गठन गरिएको कोषाध्यक्ष आशा झाले बताईन ।

सो अवसरमा प्रदेश २ का अर्थ राज्य मन्त्री तथा पार्टीका संघीय परिषद सदस्य उषा कुमारी यादव, संघीय परिषद सदस्य लक्ष्मी चौधरी, किरण साह, तारा भण्डारी, समाजवादी पार्टी सप्तरी जिल्ला अध्यक्ष केदार यादव, महिला प्रदेश २ का अध्यक्ष संजिला यादव, उपाध्यक्ष गीता यादव, मनु झा, संजिता यादव, रमिला साह, चन्द्रिका यादव लगायतले शुभकामना मन्तव्य दिएको रिता शर्मा यादबले बताईन ।

## होली महोत्सव स्थगन सम्बन्धि सूचना

गृहमन्त्रालयको परिपत्र तथा स्वास्थ मन्त्रालयको अनुरोध अनुसार कुनै पनि सार्वजनिक कार्यक्रम आयोजना नगर्न गरेको अनुरोधलाई स्वीकार गर्दै अर्को सूचना जारि नभए सम्मको लागि शनिबार राजविराजमा हुन लागिएको होली महोत्सव स्थगित गरिएको व्यहोरा सम्पूर्ण सहभागी टिम तथा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।

# भावपूर्ण श्रद्धाञ्जली



जन्म : २००४

स्व. २०७६ फागुन १७

**स्व. नथुनी प्रसाद मण्डल**

हमर सब के पुज्जनीय पिता एवं साविक ब्रहमपुरके भुपु गाविस अध्यक्ष नथुनी प्रसाद मण्डलके २०७६ फागुन १७ गते निधन भेला के कारण दुःखद के घडीमे दिवंगत आत्माके चिर शान्तिके कामना ईशवर स करैछी ।

वसन्त कुमार मण्डल (मास्टर), कृष्ण प्रसाद मण्डल, कन्तलाल मण्डल, उमेश प्रसाद मण्डल (अहेब), शकंर प्रसाद मण्डल (मास्टर), धनेश्वर प्रसाद मण्डल (अहेब), उतिम प्रसाद मण्डल, जितेन्द्र प्रसाद मण्डल एवं शुभेच्छुक वर्ग

**डाक्नेश्वरी नगरपालिका ६, ब्रह्मपुर, सप्तरी**


# आवश्यकता

*प्रकाशित मिति : २०७६।११।२२ गते*

**पद** : सहायक सुपरभाइजर
**संख्या** : १ (एक) जना
**आवश्यक न्यूनतम योग्यता** : B.A/B.Ed पास
**अनुभव** : चार वर्ष सोही पदमा काम गरेको (मोटरसाइकलको लाइसेन्स अनिवार्य)
**अन्तिम मिति** : २०७६/११/३०

*सम्पर्क कार्यालय*

**मानव अधिकार तथा ग्रामिण युवा परिवर्तन (हुर्क) नेपाल**
**राजविराज-५ सप्तरी, कुनौली रोड**

*Note:* update CV with two Refreences and experience later **फोन नं. ०३१-५२२००३**
**Email address :** huryc nepal. saptari@gmail.com

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*